# श्री वितलब सामुदायिक वन उपभोक्ता समुह

गजुरी गाउँपालिका २, धादिङ

बागमती प्रदेश, नेपाल

प.सं. २०८१।०८२

च.नं.

## वन पैदावार (काठ) लिलाम बिक्री सम्वन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

## प्रथम पटक प्रकाशित मिति २०८१/०४/१४

यस वितलब सामुदायिक वन उपभोक्ता समुह, गजुरी गा.पा. वडा नं. ७ ले व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट डिभिजन वन कार्यालय धादिङको च.नं. १४०३ मिति २०८०/११/२१ को संकलन सहमति लिई कटाममुछान भएका काठहरू व्यापारिक प्रयोजनका लागि डिभिजन वन कार्यालय धादिङको च.नं. ६५, मिति २०८१/०४/११ मा लिलाम विक्रीको सहमति लिएको तपसिल बमोजिमका वन पैदावार (काठ)हरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई जुनसुकै डिभिजन वन कार्यालयहरूमा वन नियामावली २०७९ बमोजिम सूचीकृत भएका इच्छुक फर्म, सःमिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र, यस समूह वा डिभिजन वन कार्यालय, धादिङबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२.०० बजे भित्र यस वितलब सामुदायिक वन उपभोक्ता समुह, गजुरी गा.पा. वडा नं. २,, धादिङमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१. वन पैदावारको विवरण

| जात | थान | ग्रेड | परिमाण | न्यूनतम मूल्य | संकलन खर्च रू | कैफियत |
|---|---|---|---|---|---|---|
| खोटेसल्ला | १२ | A | १३४.१५ | १,१०,०००।- | जिल्ला दररेट अनुसार | |
| | ६७ | B | ५०५.९९ | | | |
| जम्मा | ७९ | | ६४०.१४ | | | |

२. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समयः २०८१।०५।०२ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन ।

३. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समयः २०८१।०५।३ गते मध्यान्ह १२.०० बजे सम्म । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन ।

४. निर्धारित गरिएको न्यूनतम संख्याका र रित पूर्वक पर्न आएका बोलपत्रहरु सूचनामा तोकिएको मितिमा बोलपत्रदाताहरू समेतको रोहवरमा खोलिने छ तर बोलपत्रदाता उपस्थित नभएकै कारणबाट बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र फारमको लागि रु एकलाख देखि दश लाखसम्म न्यूनतम मूल्यको लटका लागि रु १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको नाममा रहेको रा. व. वैंक, को खाता नं. १०२०१०००००३८६१००१ वा नगदी रसिदको सक्कलै भौचर संलग्न राखी यस सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालय धादिङबाट खरिद तथा दाखिला गर्न सकिनेछ।बोलपत्र खरिद गर्नका लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरिनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

Scanned with CamScanner

# श्री वितलब सामुदायिक वन उपभोक्ता समुह

गजुरी गाउँपालिका २, धादिङ

बागमती प्रदेश, नेपाल

प.सं. २०८१।०८२

च.नं.

६. बोलपत्र साथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सा.व.उ.स.को रा.व. बैंक, को खाता नं. १०२०१००००३८६१००१ मा नगद जम्मा यरेको सक्कलै भौचर समावेश हुनुपर्नेछ।

७. लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समयमा डिभिजन वन कार्यालय धादिङको कार्यालयमा सम्पर्क गरी घाटगद्दी स्थलमा हेर्न सकिने छ।

८. लिलाममा भाग लिनका लागि वन पैदावार कारोबार गर्ने उद्देश्यले दर्ता भएका ईच्छुक संघ संस्था, फर्म वा कम्पनीले उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको अंक र अक्षर दुबैमा लेखु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

१०. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्लाबेग्लै खरिद गर्नु पर्नेछ र बेग्ला बेग्लै दाखिला गर्नु पर्नेछ। खाम बाहिर प्रष्ट रूपमा लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

११. लिलाम स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरिने छ । सो को जानकारी लिनु पर्ने दायित्व बोलपत्रदाताको हुनेछ। बोलपत्र स्वकृित भएको सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र सकार गरेको रकम, निर्धारित मू.अ.कर , अग्रिम आयकर तथा संकलन खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्रमा उठाई जानु पर्नेछ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अन्तिम निर्णय ~~[illegible]~~ पितलव सामुदायिक वन उपभोक्ता समुह, ~~[illegible]~~ गजुरी २ को हुनेछ । अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ र वन नियमावली २०७९ मा उल्लेखित व्यवस्था पूर्ण रुपमा लागू हुनेछ।

१४. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिनभित्र सकार गरेको रकम तथा संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानुपर्नेछ।

१५. सूचना बमोजिम बोलपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाइने कुनै विवाद स्वतः अमान्य हुनेछ।

Scanned with CamScanner